# टीकापुर नगरपालिका

## छैठौ नगरसभा बैठकबाट पारित गरिएका निर्णय :

## (मिति २०७६ पौष २८)

**निर्णय नं. १ :-** यस टीकापुर नगरपालिकाको आ.व.२०७६/७७ का लागि मिति २०७६ असारको नगरसभाबाट पारित विनियोजित ऐन, २०७६ बमोजिम कार्यन्वयनमा रहेकोमा, विभिन्न कार्यक्रम र योजनाहरु कार्यान्वयन गर्ने क्रममा केही विनियोजन शिर्षकहरुमा रकम अपुग हुने देखिएको, कतिपय विनियोजन शिर्षकमा रकम बचत हुने देखिएको साथै नगरसभाबाट नीतिगत रुपमा पारित भई बजेटमा सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रम सम्बोधन गर्न, बचत हुने शिर्षकबाट रकम थप गर्न र नगरसभा भन्दा पछाडी माग भएका योजना कार्यक्रम मध्ये अत्यावश्यक देखिएका केही योजना तथा कार्यक्रमहरु सम्बोधन गर्न र वडा स्तरिय योजना तथा कार्यक्रमहरुमा संशोधन गर्नुपर्ने विषयमा टीकापुर नगर कार्यपालिकाको मिति २०७६/०९/२६ को निर्णय बमोजिम स्वीकृतीका लागि पेश भएको तपसिल बमोजिमको संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

### तपसिल :

### नगर उपप्रमुखज्यूबाट संशोधन सहित पेश गरिएको विनियोजन ऐन, २०७६

**आदरणीय नगर सभाका सभाध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

यस टीकापुर नगरपालिका, टीकापुर, कैलालीको आ.व.२०६६/०७७ को सेवा र कार्यहरुको सञ्चालनका लागि व्ययको अनुमान सहितको विनियोजन ऐन, २०७६ गत असारमा पारित गरि कार्यान्वयनमा रहेको ब्यहोरा जानकारि गराउँदछु ।

यस टीकापुर नगरपालिकाको पाँचौ नगर सभाबाट पारित भएका विभिन्न कार्यक्रम र योजनाहरु कार्यान्वयन गर्ने क्रममा केहि विनियोजन शिर्षकहरुमा रकम अपुग हुने देखिएको, कतिपय विनियोजन शिर्षकहरुमा रकम बचत हुने देखिएको र आम्दानि तर्फ अनुमान गरे भन्दा फरक शिर्षकमा नगरपालिकाले बाँडफाँड गर्ने गरी रकम प्राप्त भएकोले,

१. नगर सभाबाट नीतिगत रुपमा पारित भई बजेटमा सम्वोधन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई सम्वोधन गर्न

२. बचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा रकम थप गर्नुपर्ने योजना तथा कार्यक्रममा थप घट गरि संशोधन गर्ने ।

३. नगर सभा पछाडी माग भएका योजना कार्यक्रम मध्ये अत्यावश्यक देखिएका केहि योजना तथा कार्यक्रम समेटी नयाँ योजना तथा कार्यक्रम थप गर्ने ।

टीकापुर नगरपालिका

नगर प्रमुख

वाञ्छनिय देखिएकाले मिति २०७६।०९।२६ गतेको नगर कार्यपालिकाको बैठकमा छलफल भई नगर सभामा पेश गर्ने गरि सिफारिस भएका तपसिलका व्यहोराका योजना तथा कार्यक्रमहरुको संशोधन प्रस्ताव पारित गरियोस भनि विनियोजन ऐन, २०७६ को दफा ३ बमोजिम यो प्रस्ताव पेश गरेको छु ।

तपसिल :

१. अनुसूची १ अनुसारको कार्यालय सञ्चालन तथा प्रशासनिक बजेट उपशिर्षकमा भएको बजेट संशोधन ।

२. अनुसूची २ अनुसारको नगर कार्यपालिका बजेट उपशिषर्कमा भएका योजनाहरुको संशोधन ।

३. अनुसूची ३ अनुसारको वडा कार्यालयहरुबाट वडा समितिको निर्णयानुसार सिफारिस भई नगर कार्यपालिकाको निर्णयानुसार संशोधनका लागि पेश भएका वडाका संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु ।

केशरी रावल बिष्ट
उप प्रमुख
टिकापुर नगरपालिका

## अनुसूची १

## टीकापुर नगरपालिका

आ.व.२०७६।०७७ का लागि विनियोजन ऐन, २०७६ अनुसार कार्यालय संचालन तथा प्रशासनिक ब.उ.शि.नं. मा भएको विनियोजनमा केहि खर्च शिर्षक वा कार्यक्रममा भएको संशोधनको सारांश

| क्र.सं. | साविकको | | संसोधन गर्नुपर्ने कारण | सशोधन भई कायम हुने | | बजेट थप वा घट |
|---|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम | |
| १ | पारिश्रमिक कर्मचारी | ३६००००००.०० | बजेट अनुमान गर्दा दरवन्दि संरचना अनुसार पुरा गरिएकोमा हालसम्म पुरै दरवन्दि अनुसार स्थायि नियुक्ति भई पदपुर्ति नभएको र कार्यरत कर्मचारिहरुमा पनि केहि संख्या बाहिर गएकोले | पारिश्रमिक कर्मचारी | ३४१७५०००.०० | -१८२५०००.०० |
| २ | पानी तथा बिजुली महसुल | १२०००००.०० | यस शिर्षकको खर्चलाई हेर्दा अनुपातिक रुपमा अपुग हुने देखिएकाले | पानी तथा बिजुली महसुल | १७०००००.०० | ५०००००.०० |
| ३ | संचार महसुल | १२०००००.०० | यस शिर्षकको खर्चलाई हेर्दा अनुपातिक रुपमा अपुग हुने देखिएकाले | संचार महसुल | १५०००००.०० | ३०००००.०० |
| ४ | भ्रमण खर्च | ३००००००.०० | यस शिर्षकको खर्चलाई हेर्दा अनुपातिक रुपमा अपुग हुने देखिएकाले | भ्रमण खर्च | ३५०००००.०० | ५०००००.०० |
| ५ | अन्य फिर्ता | २०००००.०० | जिल्ला प्रशासन कार्यालयबाट २०७६ असारमा राहत वितरणका लागि प्राप्त रु.५२५०००।- फिर्ता गर्नुपर्ने भएकोले यस शिर्षकमा अपुग हुने देखिएकाले | अन्य फिर्ता | ७२५०००.०० | ५२५०००.०० |
| | | ४१६००००००.०० | **यस ब.उ. शि. नं. मा बजेट संशोधन गर्दा भएको थप वा घट** | | ४१६००००००.०० | ० |

अनुसूची २
टिकापुर नगरपालिका
आ.व.२०७६।०७७ मा विनियोजन ऐन २०७६ बाट पारित केन्द्र स्तरीय योजना तथा कार्यक्रमहरु मध्ये संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु

| साविक को सि.नं. | साविकको कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | साविकको जम्मा बजेट | संशोधन गर्नुपर्ने कारण | संशोधन भई कायम हुने | | बजेट थप/घट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम | बजेट | | |
| १९ | टीकापुर अस्पतालमा विशेषज्ञ परामर्श सेवा | ३८०००००.०० | यस शिर्षकमा बजेट अपुग हुने देखिएकाले | टीकापुर अस्पतालमा विशेषज्ञ परामर्श सेवा | ५७२००००.०० | १९२००००.०० | |
| ३१ | अपांगता परिचय पत्र वितरण व्यबस्थापन कार्यक्रम (महिला विकाश) | २५००००.०० | यस शिर्षकमा बजेट अपुग हुने देखिएकाले | अपांगता परिचय पत्र वितरण व्यबस्थापन कार्यक्रम (महिला विकाश) | ६०००००.०० | ३५००००.०० | |
| ३४ | अवलोकन भ्रमण कार्यक्रम | ७०००००.०० | फोहोरमैला व्यवस्थापन लगायतका विषयमा स्थलगत भ्रमणका लागि बजेट अपुग हुने देखिएकोले | अवलोकन भ्रमण कार्यक्रम | १००००००.०० | ३०००००.०० | |
| ४२ | उद्यमशिलता विकास सम्बन्धि तालिम | २५००००.०० | कुक सम्बन्धि तालिम उपयोगी र प्रभावकारी हुने देखिएकोले | कुक सम्बन्धि तालिम | २५००००.०० | ० | |
| ५३ | कोपोमिस तालिम पुर्नाताजकी तथा संचालन | ३०००००.०० | कुक सम्बन्धि तालिममा बजेट अपुग हुने र कोपोमिस तालिममा बचत हुने देखिएकोले | कुक सम्बन्धि तालिम | १०००००.०० | ० | |
| | | | | कोपोमिस तालिम पुर्नाताजकी तथा संचालन | २०००००.०० | | |
| ७३ | नगर प्रमुख र उप प्रमुख निजि सचिवालय व्यस्थापन कार्यक्रम (श्रोत - प्रदेश- समानिकरण अनुदान) | १६९७०००.०० | यस शिर्षकमा खर्च नहुने र नयाँ कार्यक्रम थप गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएकाले | सामुदायिक पशु चौपाया व्यवस्थापन कार्यक्रम | ७०००००.०० | १५३०००.०० | |
| | | | | नेपाल भ्रमण वर्ष २०२० सम्बन्धि विविध चालु प्रकृतीका कार्यक्रम सञ्चालन | १००००००.०० | | |
| | | | | अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सामाग्री वितरण कार्यक्रम | १५००००.०० | | |
| ९१ | पशु फर्म प्रवर्धन कार्यक्रम | १५०००००.०० | एकमुष्ठ रुपमा विनियोजित बजेटलाई बाँडफाँड गर्नुपर्ने भएकोले | डेरी प्रवर्द्धन कार्यक्रम (ठुला) | ४५००००.०० | ० | |
| | | | | मझौला डेरी प्रवर्द्धन कार्यक्रम (मझौला) | २०००००.०० | | |
| | | | | साना डेरी प्रवर्द्धन कार्यक्रम (साना) | ३०००००.०० | | |
| | | | | घाँस उत्पादन कार्यक्रम (ठुला) | २०००००.०० | | |
| | | | | घाँस उत्पादन कार्यक्रम (साना) | २०००००.०० | | |
| | | | | मिनरल ब्लक वितरण | १५००००.०० | | |

टीकापुर नगरपालिका
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०७ | मेयर कप,उपमेयर कप लगायत अन्य खेलकुद कार्यक्रम | १५०००००.०० | नगर क्षेत्र भित्र सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रमका लागि बजेट अपुग हुने देखिएकाले | मेयर कप,उपमेयर कप लगायत अन्य खेलकूद कार्यक्रम | २५०००००.०० | १००००००.०० | |
| १३१ | विभिन्न दिवस,सभा,समारोहहरु,उत्सव र स्थानिय संस्कृति प्रवर्दन कार्यक्रम संचालन | ५०००००.०० | यस शिर्षकको बजेट अपुग हुने देखिएकाले | विभिन्न दिवस,सभा,समारोहहरु,उत्सव र स्थानिय संस्कृति प्रवर्दन कार्यक्रम संचालन | १५०००००.०० | १००००००.०० | |
| १७८ | भैपरी आउने र आकस्मिक चालु तथा कार्यक्रम खर्च (कार्यपालिकाको निर्णयानुसार) | ७००००००.०० | यस शिर्षकमा बजेट बचत हुने र नयाँ कार्यक्रम थप गर्नुपर्ने देखिएकाले | भैपरी आउने र आकस्मिक चालु तथा कार्यक्रम खर्च (कार्यपालिकाको निर्णयानुसार) | १०७७०००.०० | -४७२३०००.०० | |
| | | | | लोककल्याणकारी सूचना तथा सन्देश प्रवाह कार्यक्रम | १००००००.०० | | |
| | | | | जन प्रकाश आधारभुत विद्यालय, टी.न.पा.-४ बाघमारालाई सञ्चालन अनुदान | २०००००.०० | | |
| | **चालु खर्च तर्फको कार्यक्रममा जम्मा थप/घट** | **१७४९७०००.००** | | | **१७४९७०००.००** | **०.००** | |
| १८३ | सवारी साधन खरिद (Back ho lodder,school bus,motorcycle,cycle metaroad truck) | १०००००००.०० | एकमुष्ठ रुपमा विनियोजित बजेटलाई बाँडफाँड गर्नुपर्ने भएकोले | ट्रिपर खरिद | ६५०००००.०० | ३००००००.०० | |
| | | | | कर्णाली मा.वि., टीकापुर-१ लाई स्कूल बस खरिदका लागि अनुदान | ४००००००.०० | | |
| | | | | मेटा रोड ट्रक खरिद | २५०००००.०० | | |
| १८५ | केरा खेती कृषकको लागि ५०प्रतिशत लागत सहभागितामा कृषि यन्त्र खरीद कार्यक्रम - अ.ल्या. | १४१९०००.०० | केर खेती कृषकहरुले साविकको कार्यक्रम परिवर्तन गरी नयाँ कार्यक्रम सञ्चालन गर्ने भएकोले | केरा खेती कृषकको लागि ५० प्रतिशत लागत सहभागिता अनुदान | १४१९०००.०० | ० | |
| २१३ | वि.पी. निकुञ्जको, सत्ती कर्णाली सामुदायिकवन,उजुवा ताल मास्टर प्लान सहितको डि.पी.आर तयारी - अ.ल्या. | १९५००००.०० | एकमुष्ठ रुपमा विनियोजित बजेटलाई बाँडफाँड गर्नुपर्ने भएकोले | सत्ती कर्णाली सामुदायिक वनको मास्टर प्लान सहितको डि.पी.आर तयारी | ९०००००.०० | ० | |
| | | | | वि.पी. निकुञ्जको मास्टर प्लान सहितको डि.पी.आर तयारी | ५०००००.०० | | |
| | | | | ओजुवा तालको मास्टर प्लान सहितको डि.पी.आर तयारी | ५५००००.०० | | |
| २१४ | विभिन्न सडक ग्राभेल, रेखांकन तथा humpipe खरिद | ८००००००.०० | यस शिर्षकमा बजेट बचत हुने र नयाँ कार्यक्रम थप गर्नुपर्ने देखिएकाले | विभिन्न सडक ग्राभेल तथा रेखांकन | ८०००००.०० | -१७०००००.०० | |
| | | | | ह्युमपाईप खरिद | ४००००००.०० | | |
| | | | | नेपाल भ्रमण वर्ष २०२० सम्बन्धि विविध पुँजिगत कार्यक्रम | १५०००००.०० | | |
| २६७ | भैपरी आउने र आकस्मिक पुँजीगत खर्च | ३५०००००.०० | यस शिर्षकमा एकमुष्ठ रुपमा विनियोजित | भैपरी आउने र आकस्मिक पुँजीगत | १३६८७६.७० | -१३०००००.०० | |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (कार्यपालिकाको निर्णयानुसार) | | बजेटबाट भएको खर्चलाई अनुमोदन गर्नुपर्ने भएकोले | खर्च (कार्यपालिकाको निर्णयानुसार) | | | |
| | | | | बंगला पार्कमा पिकनिक स्थलको सी.सी.सेडको फर्स मर्मतको काम | ३०९५१८.४८ | | |
| | | | | बंगला पार्कमा पिकनिक स्थलको स्टेप निर्माण तथा सडक ग्राभेलको काम | ४९९४५६.८२ | | |
| | | | | पशु ब्यबस्थापन स्थलमा आर.सी.सी. गेट निर्माणको काम | ९७४८८.०० | | |
| | | | | बीरेन्द्र विद्या मन्दिर मा.वि.को खेलमैदान सरसफाइ कार्य | २४९६०.०० | | |
| | | | | गत आ.व.मा सिंचाई बोरिङ्ग जडान सम्बन्धि कार्यको खर्च | २५६५००.०० | | |
| | | | | टीकापुर सामुदायिक पुस्तकालयको अधुरो भवन निर्माण आयोजना | ३४३४००.०० | | |
| | | | | २०७५को वर्षायाममा भएको शाहीपुर स्थित कर्णाली नदिको कटान रोकथाम कार्यको भुक्तानी | ३१८००.०० | | |
| | | | | सामुदायिक रेडियो टीकापुर एफ एम को अधुरो भवन निर्माण आयोजना | ५०००००.०० | | |
| | **पुँजिगत खर्च तर्फको कार्यक्रममा जम्मा थप/घट** | २४८६९०००.०० | | | २४८६९०००.०० | ०.०० | |

टीकापुर नगरपालिका
टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

अनुसूची -३

## टीकापुर नगरपालिका

आ.व.२०७६।०७७ मा विनियोजन ऐन २०७६ बाट पारित वडास्तरिय योजना तथा कार्यक्रमहरु मध्ये संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु

| क्र.सं. | स्वीकृत आयोजनाको नाम र ठेगाना | स्वीकृत रकम रु. | शंसोधित आयोजनाको नाम | शंसोधित रकम रु= | शंसोधन गर्नु पर्ने कारण | कैफियत | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १ | भैपरि पुँजिगत | ११,००,०००।- | टीकापुर न.पा. वडा नं. १ अन्तर्गतका सडक मर्मत (खाल्डा खुल्डी पुर्ने काम) | ५,००,०००।- | वडाको विविध साना योजना सम्बोधन गर्न एकमुष्ट विनियोजन गरिएको | वडा स्तरिय आयोजना | १ |
| | | | नवचेतना टोल विकास संस्थाको शौचालय निर्माण (वडा नं.१ ब्लक नं. ८) | १,५०,०००।- | | वडा स्तरिय आयोजना | |
| | | | टीकापुर योगाश्रमको कम्पाउन्डमा माटो पटानी (वडा नं. १ ब्लक नं. १८) | १,५०,०००।- | | वडा स्तरिय आयोजना | |
| | | | सिर्जनसिल टोलको शिव मन्दिर मर्मत (वडा नं. १ ब्लक नं. २३) | ७५,०००।- | | वडा स्तरिय आयोजना | |
| | | | प्रेमबहादुर शाहीको घर देखि नया नेपाल स्कुल जाने बाटोमा माटो पटानी तथा ग्राभेलिंग | ६०,०००।- | | वडा स्तरिय आयोजना | |
| | | | भैपरी पूंजीगत | १,६५,०००।- | | वडा स्तरिय आयोजना | |
| २ | नेपाल दलित जन उत्थान समाजको अधुरो छात्रावास भवन निर्माण | २,००,०००।- | नेपाल दलित जन उत्थान समाजको गेट तथा पर्खाल निर्माण | २,००,०००।- | भवन निर्माण गर्न सम्भव नभएकोले | वडा स्तरिय आयोजना | १ |
| ३ | मां नवदुर्गा मन्दिरको अधुरो होमकुन्ड निर्माण | १,५०,०००।- | मा नवदुर्गा मन्दिरको टहरा निर्माण | १,५०,०००।- | आवश्यक नभएकोले | वडा स्तरिय आयोजना | १ |
| ४ | मल्लिका विद्यापिठ गुरुकुलको पर्खाल निर्माण | १,००,०००।- | मल्लिका विद्यापिठ गुरुकुलको शौचालय मर्मत | १,००,०००।- | रकम अपुग भएकोले | वडा स्तरिय आयोजना | १ |

टीकापुर नगरपालिका
टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | पदम सिंह ठकुल्लाको घर देखि पिचसम्म र हेमन्त थापाको घर देखि आशा साउदको घर सम्मको बाटोमा ग्राभेल कार्य ,वडा नं. २ | रु.२,००,०००।- | मुक्त कमैया आधारभूत बिधालयको पर्खाल निर्माण तथा माटो पटानी कार्य । | रु.२,००,०००।- | बाटो निर्माण गर्दा विवाद भएको भएको । | वडा स्तरिय आयोजना | २ |
| ६ | महिला संगठित कृषक समूहको टहरा निर्माण ,वडा नं.२ । | रु.१,३३,३२१।- | | रु.१,३३,३२१।- | प्रदेशबाट रकम परि निर्माण कार्य हुने भएकोले । | वडा स्तरिय आयोजना | २ |
| ७ | मौरिहान झरनमा गोबारी चौधरीको घर नजिक पक्की डुड निर्माण ,वडा नं. ४ । | रु.१,२५,९६५।- | मर्घटनिया जाने कुलोमा पक्की दिवाल निर्माण ,वडा नं. ४ । | रु.१,२५,९६५।- | विनियोजीत रकमबाट डुढ निर्माण गर्न रकम अपुग हुने भएकोले सो रकम दिवाल निर्माणमा शंसोधन गर्नु परेको । | वडा स्तरिय आयोजना | ४ |
| ८ | कर्णाली मा.वि. सत्तिमा साईकल स्टेण्ड निर्माण आयोजना ,वडा नं. ७ | रु.२,००,०००।- | जनता मा.वि. सत्तिमा साईकल स्टेण्ड निर्माण आयोजना ,वडा नं. ७ | रु.२,००,०००।- | कर्णाली मा.वि. सत्तीमा रकम कम भएका कारण साईकल स्टेण्ड बन्न नसक्ने भएकोले र जनता रा.मा.वि. मा साईकल स्टेण्ड आवश्यक भएकोले । | वडा स्तरिय आयोजना | ७ |

टीकापुर नगरपालिका
टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | सत्ती बजार यम घर्ती को घर देखि प्रगतिशिल समाजको कार्यालय सम्मको बाटो ,महादेव टोलको भित्रि गल्ली जाने बाटो ,अर्जुन पाण्डेको घर देखि कमला खनालको घर सम्मको बाटो र निरक घर्तिको घर देखि जंगल जाने बाटोमा माटो पटानी तथा ग्राभेल वडा नं. ७। | रु.५,००,०००।- | सरला ठकुराठीको घर देखि महादेव टोल जाने बाटो ,महादेब टोलको भित्रि बाटो र अर्जुन पाण्डेको घर देखि कमला खनालको घर सम्मको बाटामा माटो पटानी तथा ग्राभेल कार्य ,वडा नं. ७। | रु.५,००,०००।- | सत्ति बजार, यम घर्ती को घर देखि प्रगतिशिल समाजको कार्यालय सम्मको बाटो र निरक घर्तिको घर देखि जंगल जाने बाटा नक्सामा एकदमै साघुरो भएको र नगरपालिकाको नियमानुसार बाटो चौडा गर्न सहमति नभएकोले । | वडा स्तरिय आयोजना | ७ |
| १० | हात्ती नियन्त्रणको लागि तार घेरबार र श्रीलंकामा बिधुत पोल बिस्तार,वडा नं. ८,श्रीलंका । | रु.६,५०,०००।०० | श्रीलंकामा खानेपानीका लागि डिप बोरिगं जडान वडा नं.८,श्रीलंका । | रु.२,५०,०००।- | श्रलिंकामा स्वच्छ खानेपानीको अभाव भएकोले । | वडा स्तरिय आयोजना | ८ |
| | | | वडा कार्यालयको गेट तथा घेरापर्खाल निर्माण ,वडा नं. ८ | रु.४,००,०००।- | वडा कार्यालयको गेट तथा घेरा पर्खाल नभई कार्यालय असुरक्षित रहेकोले । | वडा स्तरिय आयोजना | ८ |
| ११ | स्वास्थ्य चौकीको ईन्सुलेटर निर्माण | रु.१,००,०००।- | मन्दिर निर्माण स्थलमा माटो पटानी | रु.१,००,०००।- | मन्दिर निर्माण स्थलमा माटो पटानीका लागि रकम अपुग भएको । | वडा स्तरिय आयोजना | ८ |
| १२ | कुक सम्बन्धि तालिम, वडा नं.८ | रु.१,००,०००।- | कुक सम्बन्धि तालिम | रु.१,००,०००।- | केन्द्रबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिएकोले । | वडा स्तरियलाई केन्द्र स्तरिय आयोजनामा परिवर्तन | ८ |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | धनसिंहपुर कृषि सहकारी संस्थाको गोदाम घर निर्माण ,वडा नं. ८ | रु.६,००,०००।- | धनसिंहपुर कृषि सहकारी संस्थाको गेट तथा घेरा पर्खाल निर्माण ,वडा नं. ८ | रु.६,००,०००।- | मेशिनरी गोदाम घर सिंचाई आयोजनाबाट निर्माण हुने भएकोले । | वडा स्तरिय आयोजना | ८ |
| १४ | गहुंको बिउ वितरण ,वडानं. ९ | रु.२,५०,०००।- | धानको बिउ वितरण ,वडानं. ९ | रु.२,५०,०००।- | धानको बिउ वितरण गर्दा धेरै कृषक लाभान्वित हुने भएकोले । | वडा स्तरिय आयोजना | ९ |
| १५ | हुलाकी रोडदेखि खैरिपुर चन्द्र शाहको घर सम्म ,शिद्य साउदको घर देखि दुर्जनपुर सम्म बाटो ग्राभेल । | रु.५,००,०००।- | शिद्य साउदको घर देखि दुर्जनपुरको बाटो सम्म माटोपटानी तथा ग्राभेल । | रु.५,००,०००।- | विनियोजीत रकम अपुग भएकोले । | वडा स्तरिय आयोजना | ९ |
| १६ | लोकसेवा आयोगको तयारी कक्षा | रु.१,००,०००।- | शिक्षकसेवा आयोग तयारी कक्षा संचालन । | रु.१,००,०००।- | शिक्षक सेवा आयोग तयारी कक्षा संचालन गर्दा धेरै प्रभावकारी हुने भएकोले | वडा स्तरिय आयोजना | ९ |

**निर्णय नं. २** :-यस नगरपालिकाको तपसिल बमोजिमका विधेयक उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. टीकापुर नगरपालिका,स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०७६
२. टीकापुर नगरपालिका,स्वास्थ्य तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६
३. टीकापुर नगरपालिका ,नगर शिक्षा सम्बन्धी विधेयक, २०७६
४. जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

**निर्णय नं. ३** :- नेपालको संविधान,२०७२ को धारा २२७ मा भएको व्यवस्था बमोजिम यस टीकापुर नगरपालिकाको पदाधिकारी तथा सदस्यहरुलाई अति आवश्यक रुपमा रहेको संचार, यातायात लगायतका सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्थाका लागि सुदूरपश्चिम प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका

**निर्णय नं. ४** :- टीकापुर नगरपालिका वडा नं. ६ को लम्की-खक्रौला लिङ्क सडकमा जोडिएको नारायणपुर चौराह बजारबाट शुरु भई पश्चिम मख्खन चौराह, प्रसेनी गाउँ स्थित गणेश राईस मिल हुदै भगवानपुर, भर्तापुर जाने बाटो अन्दाजी ३००० मिटर दुवै तर्फ पक्की नाली सहित कालोपत्रे योजना चालु आ.व. ०७६/७७ का लागि नेपाल सरकार,शहरी विकास मन्त्रालय अन्तर्गत स्वीकृत भई जम्मा रु. ५,००,०००। (पाँच लाख) मात्र विनियोजन भएकोमा उक्त योजना कार्यान्वयनका लागि आवश्यक पर्ने रकम रु. ५,००,००,०००।(पाँच करोड) विनियोजनका लागि नेपाल सरकार, शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** :- चालु आ.व. ०७६/७७ मा यस टीकापुर नगरपालिकाबाट संचालित सम्पूर्ण पूंजीगत योजनाहरुको कन्टेन्जेन्सी कट्टी (३ प्रतिशत कट्टी) खर्च स्रोतबाट संचालन हुने गरी तपसिल बमोजिम चालु र पूंजीगत कार्यक्रम/क्रियाकलाप स्वीकृत गर्ने निर्णय गरियो ।

## तपसिल :

### टीकापुर नगरपालिका

पूँजीगत योजनाको कन्टिजेन्सी खर्च रकम स्रोतबाट संचालन हुने चालु र पूँजीगत प्रकृतिका कार्यक्रम/क्रियाकलाप सम्बन्धि विवरण

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | विनियोजित बजेट | |
|---|---|---|---|
| | | रकम रु. | अक्षरुपी रु. |
| चालु खर्च अन्तर्गत | | | |
| १ | पत्रपत्रिका तथा सूचना विज्ञापन खर्च | ५००००० | पाँच लाख |
| २ | कर्मचारी बैठक भत्ता | ७००००० | सात लाख |
| ३ | अनुगमन तथा मूल्यांकन | ५००००० | पाँच लाख |
| ४ | विविध | १००००० | एक लाख |
| पूजीगत खर्च अन्तर्गत | | | |
| १ | प्राविधिक उपकरण खरिद | १४००००० | चौध लाख |
| २ | तालिम, अध्ययन | ३००००० | तिन लाख |
| ३ | मोटरसाइकल/ स्कुटर खरिद | ४५०००० | चार लाख पचास हजार |
| ४ | साइकल खरिद | ५०००० | पचास हजार |
| | जम्मा | ४०००००० | चालिस लाख |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
नगर प्रमुख

**निर्णय नं ६ :** यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहेको सक्सन मेशिनबाट नगरपालिकाले तोकेको शुल्क लिई माग बमोजिम शौचालयको सेफ्टी ट्यांकी सरसफाई सम्बन्धी सेवा दिदै आएको सन्दर्भमास्वास्थ्य तथा सरसफाई सम्बन्धी अतिनै संबेदनशिल विषय भएको हुँदा उक्त सेवा दिने क्रममा सरसफाई कर्मि ( सवारी चालक समेत) लाई प्रोत्साहन स्वरुप प्रति ब्यक्ति २००। (दुई सय) का दरले ३ जनालाई प्रतिपटक रु. ६००। (छ सय) उपलब्ध ) गराउने निर्णय गरियो ।

नगर प्रमुख

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल